नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# पदपूर्ति समिति

सिंहदरबार, काठमाडौं

प्रकाशित मितिः २०७९/०२/२०

## वैदेशिक रोजगार बोर्डको कार्यकारी निर्देशक पदको दरखास्त आव्हान सम्बन्धी सूचना

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३८ बमोजिम स्थापना भएको वैदेशिक रोजगार बोर्डको रिक्त हुने कार्यकारी निर्देशक पद सोही ऐनको दफा ४१ को उपदफा (१) बमोजिम खुल्ला प्रतिस्पर्धाद्धारा पूर्ति गर्नुपर्ने भएकोले सो पदमा इच्छुक योग्य उम्मेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र र सो दिन विदा परेमा कार्यालय खुलेको दिन यस मन्त्रालयमा दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. **कार्यकारी निर्देशकको पदमा दरखास्त दिन आवश्यक न्यूनतम योग्यताः** वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको कार्यकारी निर्देशक पदमा नियुक्तिको लागि देहायको योग्यता पुगेको हुनुपर्नेछः
   (क) नेपाली नागरिक,
   (ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, कानून, व्यवस्थापन, जनप्रशासन मध्ये कुनै एक विषयमा कम्तीमा स्नातकोत्तर उपाधी प्राप्त गरेको,
   (ग) पैंतीस वर्ष पुरा भएको,
   (घ) सरकारी वा गैरसरकारी संस्थामा कम्तीमा अधिकृतस्तरको पदमा दश वर्षको कार्य गरेको,
   (ङ) वैदेशिक रोजगार व्यवसायमा संलग्न नरहेको,
   (च) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
   (छ) तत्काल राजनीतिक दल वा संगठनको सदस्य नरहेको,
   (ज) मगज नबिग्रिएको

२. **कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधाः** कार्यकारी निर्देशकको मासिक पारिश्रमिक नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतले पाए सरह हुनेछ र निजले पाउने अन्य सुविधा नेपाल सरकारले तोकिए बमोजिम हुनेछ ।

३. **दरखास्त साथ देहायका विवरणहरु खुल्ने प्रमाणित कागजातहरु समावेश हुनु पर्नेछः**
   (क) नेपाली नागरिकताको प्रमाणपत्रको उम्मेदवार स्वयंबाट प्रमाणित छायाप्रति,
   (ख) शैक्षिक योग्यता सम्बन्धी उम्मेदवार स्वयंबाट प्रमाणित कागजातहरु,
   (ग) तोकिएको कार्य अनुभव सम्वन्धी उम्मेदवार स्वयंबाट प्रमाणित कागजातहरु,

(घ) वैदेशिक रोजगार व्यवसायमा संलग्न नरहेको स्वघोषणा,
(ङ) सम्बन्धित उम्मेदवारको स्वयंबाट हस्ताक्षरित व्यक्तिगत विवरण (Curriculum Vitae),
(च) व्यवसायिक योजना।

**४. व्यवसायिक योजना पेश गर्नुपर्नेः**
दरखास्त साथ वैदेशिक रोजगार बोर्डको निर्धारित उद्देश्य परिपूर्ती गर्न र बोर्डलाई प्रभावकारी रुपमा संचालन गर्न दीर्घकालीन सोच सहितको चार वर्षको व्यवसायिक योजना (Business Plan) को ३ प्रति छुट्टै सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।सो व्यवसायिक योजना नेपाली वा अंग्रेजी भाषामा २५०० शब्दमा नबढाई लेखिएको हुनुपर्नेछ।

**५. उम्मेदवारको मूल्याँङ्कनका आधार र छनौट विधिः**
योग्य उम्मेदवार छनौट गर्न सिफारिश समितिले देहाय बमोजिमका आधार र विधि अवलम्बन गर्नेछः

१) **मूल्याङ्कनका आधारः**
(क) शैक्षिक योग्यताको मूल्याङ्कन,
(ख) व्यवसायिक योजनाको मूल्याङ्कन,
(ख) व्यवसायिक योजनाको प्रस्तुतीकरणको मूल्याङ्कन,
(ग) अन्तरवार्ता ।

२) **छनौट विधिः**
दरखास्त दिने उम्मेदवारहरुको शैक्षिक योग्यता र व्यवसायिक योजनाको मूल्याङ्कन गरी अधिकतम अंक प्राप्त गर्ने बढीमा ५ जना उम्मेदवार छनौट गरी संक्षिप्त सूची प्रकाशन गरिनेछ। संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुलाई मात्र व्यवसायिक योजनाको प्रस्तुतीकरण तथा अन्तरवार्तामा समावेश गरिनेछ।

**६. दरखास्त दस्तुरः** रु.१,५००।- (एक हजार पाँच सय) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको निम्न राजश्व खातामा रकम जम्मा गरी भौचर पेश गर्नु पर्नेछ ।
**कार्यालय कोड नं.** ३७१००३५०१
राजस्व खाता नं. ००१००२०००१०००० (राष्ट्रिय बाणिज्य बैंक)
राजस्व शीर्षक नं.१४२२४

**७. दरखास्त बुझाउने स्थान र समयः** सूचनाको म्याद भित्र सार्वजनिक विदाको दिन बाहेक कार्यालय समय भित्र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको दर्ता चलानी कक्षमा दर्ता गरी प्रशासन शाखामा बुझाउनु पर्नेछ ।

**८. व्यवसायिक योजना प्रस्तुतिकरण र अन्तरवार्ताको मिति, स्थान र समय पछि जानकारी गराइनेछ ।**

**सम्पर्क ठेगानाः** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रशासन महाशाखा
सिंहदरबार, काठमाडौं
फोन नं. ०१-४२००५९५
Web site: www.moless.gov.np